# धाईआमा(मिडवाईफ) टेवा योजना

तपाई गर्भवती हुनुभएकोमा र तपाईको बालकको जन्म दिन लाग्नु भएकोमा बधाई छ।

तपाईको बालकको जन्म भएपछी, तपाईले हेरचाह र टेवाको लागि धाईआमा(मिडवाईफ) टेवा योजना रोज्न सक्नुहुनेछ। धाईआमा(मिडवाईफ) टेवा योजनाले तपाईको बच्चा जन्मे पछी अस्पतालबाट निक्लनु भएपछीको तपाई र बालकको हेरचाह गर्दछ।

## धाईआमा(मिडवाईफ) टेवा योजनाको बारेमा

धाईआमा(मिडवाईफ) टेवा योजनाले तिन पटक सम्म तपाईको घरैमा धाईआमा द्वारा भेट्ने व्यवस्था गर्दछ। यी भेटघाटहरु तपाईको बालक जन्मेपछी घर जानु भएको केहि दिन भित्र हुनेछ। धाईआमाले तपाईको घरमा हरेक भ्रमणमा करिव ४५ मिनेटको समय दिनेछ।

धाईआमा(मिडवाईफ) टेवा योजनामा निम्न फाईदाहरु पर्नेछन्:

- ☐ धाईआमा द्वारा तपाईको आफ्नै घरमा व्यक्तीगत भ्रमण गर्नेछ। यस भेटघाटमा तपाईले प्रश्नहरु सोध्न सक्नुहुनेछ, टेवाहरु हासिल गर्न सक्नुहुनेछ र दुध खुवाउन आत्म विश्वास मिल्नेछ र बालकको हेरचाह गर्ने तरिकाहरु सिक्नुहुनेछ।
- ☐ तपाईको श्रीमान(जीवन साथी) वा परिवारका सदस्यहरुले तपाईको बालक र तपाईको आफ्नै टेवा घरैमा सहयोग गर्न सक्नेछन्।
- ☐ तपाईले सुत्ने र आराम र अझै आनन्दको वातावरण पाउनुहुनेछ।
- ☐ घरमै हुने भेटघाटको समय बाहेक फोनबाट नै टेवा लिन सक्नुहुनेछ।

## धाईआमा(मिडवाईफ) टेवा योजनामा कसले सहभागि हुन सक्दछ?

धाईआमा(मिडवाईफ) टेवा योजनामा निम्न अवस्थामा उपलब्ध हुन सक्दछन्:

- ☐ यदि तपाई साधारण तरिकाले बच्चा जन्माएको ४८ घण्टा भन्दा कममा वा सेजेरियन जन्म गराउनु भएको ७२ घण्टा भन्दा कममा अस्पतालबाट घर जानु भएमा र,
- ☐ यदि तपाईले आफ्नो बालकलाई स्वतन्त्र रुपमा एक्लै दुध खुवाउनु बएमा र,
- ☐ यदि तपाई वा तपाईको बालकलाई अस्पतालमा रहनु पर्ने कुनै किसिमको मेडिकल समस्याहरु नभएको खण्डमा

## म धाईआमा(मिडवाईफ) टेवा योजनामा कसरी सहभागि हुन सक्दछु?

जब तपाई अस्पतालमा बच्चा जन्माउनकोलागि भर्ना हुनुहुनेछ कृपया तपाईको धाईआमा वा डाक्टर संग धाईआमा(मिडवाईफ) टेवा योजनाको बारेमा कुरा गर्नुहोला।

## यदि मलाई अंग्रेजी बोल्न सहयोगको खाँचो परेमा के हुन्छ?

यदि तपाईलाई अंग्रेजीमा बुझ्न वा कुरा गर्नकोलागि मद्दतको खाँचो परेमा पेशेवार दोभाषेहरु उपलब्ध छन्। तपाईको परिवारको सदस्यहरु वा साथीहरु उपस्थीत होला, तर उपचारका सम्पूर्ण कुराकानीहरु पेशेवार दोभाषेको मद्दतद्वारानै गर्नु पर्नेछ। दोभाषे सेवा निशुल्कः र गोप्य हुनेछ।

यदि तपाईलाई दोभाषेको व्यवस्था नगरिदिएको खण्डमा त्यसको माग गर्ने तपाईको अधिकार हो। त्यहाँका कर्मचारीहरुले दोभाषेको व्यस्था गरिदिनेछ।

यदि दोभाषेको प्रयोग गर्न परेमा हामीलाई सम्पर्क गर्नुहोला, कृपया टेलिफोन ईन्टरपेटर सर्भिस को १३१ ४५० मा फोन गर्नुहोला।

यो सामाग्री रोयल हस्पीटल फर ओमन ले विकाश गरेको हो। उल्थाउनको लागि साउथ ईस्टर्न सिड्नी लोकल हेल्थ डिस्ट्रिक मल्टिकल्चरल हेल्थ सर्भिस द्वारा अनुदान प्राप्त भएको हो।